## सूचना ५

परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान ढाकामा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग शिखर सम्मेलनसम्बन्धी तयारी बैठकमा भागलिन जानुभएको र का.मु. सचिव श्री नरेन्द्रविक्रम शाह पनि यसै सिलसिलामा ढाकातर्फ जानुभएकोले सचिव श्री विश्व प्रधान फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४२।८।२१ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री मंगलकृष्ण श्रेष्ठ जनप्रशासनको लागि पूर्वेली क्षेत्रीय संगठन (इरोपा) को बैठकमा भागलिन बैंकक र सिनियर एडमिनिष्ट्रेशन वर्कशपमा भागलिन मलावीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री श्यामकुमार प्रधानलाई मिति २०४२।८।२३ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४२।६।२१ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर), पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका श्री काशीनाथ खनाललाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (७) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।